# घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र)
केन्द्रीय कार्यालय बेलौरी - ४ कञ्चनपुर
Email:ghodighoda.microfinance_2072@yahoo.com
ghodighoda.mfi@gmail.com
website:ghodighoda.com.np
फोन नं. ०९९५८०३९८/०९९५८०४२३

प.स.: २०७८/७९
च.नं.: २६२

मिति : २०७८।०५।२८

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरबार प्लाजा ,काठमाण्डौ ।**

विषय : साधारणसभा र शेयर कारोबार रोक्का बारे ।

महोदय,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८।०५।२७ गते अपरान्ह ३:०० बजेदेखि बसेको ११४ औं बैठकबाट यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी निर्णयको लागि संस्थाको पहिलो विशेष साधारण सभा निम्न मिति र स्थानमा सम्पन्न गर्ने निर्णय भएकोले सो व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै पहिलो विशेष साधारण सभा हुने बारेको सूचना समेत संलग्न राखी पठाएका छौं ।

**१.पहिलो विशेष साधारण सभा सम्पन्न हुने मिति, समय र स्थान :**

- मिति र समय : २०७८ साल आश्विन १६ गते शनिबार, बिहान ११:०० बजेदखि
- स्थान: होटल रुबस, बैयाबेहडी धनगढी कैलाली ।

**२. शेयर कारोबार बन्द हुने मिति :**

यस वित्तीय संस्था र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. बीच मिति २०७७।०७।२१ गते शुक्रबारका दिन दुई संस्था मर्जर सम्बन्धी प्रारम्भिक समझदारी भए अनुसार यस वित्तीय संस्थाको मिति २०७७।०७।२१ च.नं.३३२ को पत्र बाट शेयर कारोबार रोक्काका लागि अनुरोध भई नेपाल स्टक एक्स्चेन्ज लि.को मिति २०७७।०७।२३ च.नं.४५७ को पत्रबाट रोक्का रहे अनुसार हालसम्म मर्जर प्रकृया नटुङ्गिएकोले शेयर कारोबार रोक्का नै रहेकोले सोही अनुसार रोक्का राखिदिनुहुन ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिंग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।
श्री प्रभु कैपिटल लिमिटेड
कमलादी, काठमाण्डौ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग/
लघुवित्त संस्था सुपरीवेक्षण विभाग
केन्द्रीय कार्यालय बालुवाटार काठाण्डौ ।

भवदीय

२०७८।०५।२८

( नरेन्द्रप्रसाद लम्साल )
नायब कार्यकारी प्रमुख एवं कम्पनी सचिव
**कम्पनी सचिव**

घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.
(GHODIGHODA LAGHUBITTA BITTIYA SANSTHA LTD.)
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र)
केन्द्रीय कार्यालय बेलौरी, कंचनपुर
Website :www. ghodighoda.com.np
Email:ghodighoda.mfi@gmail.com
फोन नं. ०९९-५८०३९८/०९९५८०४२३

प.स. २०७८/७९
च.नं.: २६४

## पहिलो विशेष साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति: )

**श्री शेयरधनी महानुभाव,**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७८।०५।२७ गते बसेको ११४ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको **पहिलो विशेष साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**पहिलो विशेष साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८ साल आश्विन १६ गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : होटल रुबस, बैयाबेहडी धनगढी कैलाली ।

**पहिलो विशेष साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१.विशेष साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२.संस्था मर्जर सम्बन्धी सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
३.विशेष साधारण सभाको माइनुटमा दस्तखत गर्ने अख्तियारी सम्बन्धमा
४.विविध ।

**(ख) विशेष प्रस्तावहरु:**

(१) यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा देहायका प्रस्तावहरु छलफल गरी पारित गर्ने सम्बन्धमा :

क) घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जरका लागि दुबै बैंकको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्याङ्कनकर्ता ( Due Diligence Auditor) दिक्षित एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, नेपालगञ्ज बाँकेबाट प्राप्त दुबै संस्थाको चल, अचल सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन (Due Diligence Audit) प्रतिवेदन तथा अन्य सम्बद्ध व्यवस्था समेतको आधारमा संयुक्त मर्जर समिति तथा दुबै संस्थाकोको सञ्चालक समितिले स्वीकार गरेको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयरलाई यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको ५० कित्ता शेयर (१:०:५०) शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गर्ने सम्बन्धमा ।

ख) घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/ गाभिने (मर्जर) प्रयोजनका लागि गठित संयुक्त मर्जर समितिबाट दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कनकर्ता (Due Diligence Auditor) नियुक्त चार्टड एकाउन्टेन्ट्स फर्म दिक्षित एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, नेपालगञ्ज बाँकेको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

ग) घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/ गाभिने (मर्जर) सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०७८ साल भाद्र १५ गते प्रारम्भिक सैद्धान्तिक सहमति प्राप्त भैसकेको सन्दर्भमा दुई वित्तीय संस्था मर्जर गर्ने सम्बन्धमा भएका लिखित सम्झौताहरु लगायत सोसँग सम्बन्धित संयुक्त मर्जर समिति एवं संस्था सञ्चालक समितिबाट भएका सम्पूर्ण निर्णयहरु एवं दुई संस्था बीच भएको मर्जर सम्बन्धी अन्तिम सम्झौता स्वीकृत एवं अनुमोदन गर्ने सम्बन्धमा ।

घ) घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा गाभ्ने (मर्जर) सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त निर्देशन पालना गर्ने गराउने लगायत मर्जर सम्बन्धि कार्यको लागि कुनै फेरबदल, संशोधन वा थप गर्नुपर्ने भएमा समेत सो सम्बन्धी समेत सम्पूर्ण कामहरु गर्ने गराउने र प्रबन्ध पत्र तथा नियमावलीमा समेत कुनै संशोधन गर्न नियमनकारी निकायबाट निर्देशन भएमा सो सम्बन्धी कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,
नरेन्द्रप्रसाद लम्साल
कम्पनी सचिव

२०७८/०५/२८
कम्पनी सचिव

मिति:२०७८/०५/२८ गते

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:**

**१.**यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रारम्भिक समझदारी पत्रमा मिति २०७७।०७।२१ गते शुक्रबारका दिन हस्ताक्षर भए अनुसार यस वित्तीय संस्थाको शेयर कारोबार मिति २०७७।०७।२३ गते आइतबारबाट रोक्का रहेको छ । यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको पहिलो विशेष साधारण सभा प्रयोजनका लागि मिति २०७७।०७।२१ गते शुक्रबारसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई मिति २०७८।०६।०८ गते शुक्रबारसम्म यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादीमा प्राप्त शेयर नामसारी भई लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउनेछन् ।

**२.** शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा विशेष साधारण सभाको सूचना पठाइनेछ । साथै विशेष साधारण सभाको सूचना शेयरधनी महानुभावको **email** अथवा मोबाइल फोनमा **sms** समेत गरी पठाइनेछ र संस्थाको Website:**www.ghodighoda.com.np** मा समेत हेर्न सकिनेछ । कुनै कारणवश् उपरोक्त सूचना प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

**३.** साधारण सभा हुने दिन तोकिएको समयभन्दा अगावै आफ्नो कुनै परिचय पत्र तथा शेयरधनी नं. वा शेयर अभौतिकीकरण गरिसकेको शेयरधनीको हकमा हितग्राही खाता नं. सहित उपस्थित भैदिनुहुन अनुरोध छ । साथै सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सभा हुने दिन हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुला रहनेछ ।

**४.** शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफु जुन समूह/उपसमूहको शेयरधनी हो, सोही समह/उपसमूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाईनेछ र प्रतिनिधि पत्र (प्रोक्सी फारम) घोडीघोडा लघुवित्त वित्तिय संस्था लिमिटेडको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरबाट वा यस संस्थाको Website:**www.ghodighoda.com.np** मा Download गरी प्राप्त गर्न सकिनेछ ।

**५.** प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा न्युनतम ७२ घण्टा अगावै अर्थात् २०७८।०६।१३ गते बिहान ११:०० बजे भित्र संस्थाको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता गरिसक्नु पर्नेछ ।

**६.** शेयरधनीले १ भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्ट्याई प्रोक्सी दिन पाइने छैन। प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानुनले तोकेको ढाँचामा दिनुपर्ने छ । संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईने छैन । त्यसरी दिएको प्रोक्सी बदर हुने छ । एक जना शेयरधनीले १ भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा पछिल्लो प्रतिनिधी पत्र (प्रोक्सी फारम) स्वत: बदर हुनेछ । तर पहिला दिएको प्रतिनिधी पत्र (प्रोक्सी फारम) बदर गरी पछि दिईएको प्रतिनिधि पत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्र साथ प्रतिनिधी पत्र (प्रोक्सी फारम) तोकिएको समय अवधि भित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधी पत्र (प्रोक्सी फारम) लाई मान्यता दिईनेछ ।

**७.** प्रतिनिधी नियूक्त गरिसकेको शेयर धनीले सभाको कामकार्यवाही शुरु हुनु अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयर धनीले दिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: वदर भएको मानिनेछ ।

**८.** विविध शिर्षक अन्तर्गत प्रश्न वा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावले आफूले राख्न चाहेको विषयका सम्बन्धमा सभा हुनु भन्दा ७ दिन अगावै लिखित रुपमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषयमा छलफल गर्न सकिने छैन । विविध शिर्षक अन्तर्गतका विषयहरु छलफलमा समावेश हुने तर पारित हुने विषयमा समावेश गरिने छैन ।

**०९.** नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नुहुनेछ ।

**१०.** शेयरधनी महानुभावहरुले कार्यालय समयभित्र यस संस्थाको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरमा सम्पर्क गरी पहिलो विशेष साधारण सभा सम्बन्धी र अन्य जानकारी प्राप्त गर्न सक्नुहुनेछ । साथै विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस संस्थाको शेयर रजिष्टार प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाण्डौमा सम्पर्क राख्न र यस संस्थाको Website: **www. ghodighoda.com.np** मा हेर्न सकिनेछ ।